# बागमती प्रदेश विश्वविद्यालय

## बार्षिक प्रतिवेदन
## आ.व. २०८१/२०८२

## केन्द्रीय कार्यालय
## हेटौंडा, मकवानपुर

# बागमती प्रदेश विश्वविद्यालय
# हेटौंडा, मकवानपुर
# वार्षिक प्रतिवेदन
# आ.व. २०८१/२०८२

## ऐतिहासिक पृष्ठभूमि :

नेपालको संविधानले उच्च शिक्षाको अधिकार तथा जिम्मेवारी प्रदेश सरकारलाई दिएको छ । सो को कार्यान्वयनको लागि प्रदेश सरकारहरूले उच्चशिक्षा सम्बन्धी ऐन निर्माण गरी विश्वविद्यालय सञ्चालन गर्न थालेका छन । वागमती प्रदेश सरकारले यस सम्बन्धी कार्यको शुभारम्भ गर्नका लागि २०७५ सालमा डा. युवराज संग्रौलाको अध्यक्षतामा, प्रा. डा. रमेश भट्टराई, प्रा.डा. इन्दु आचार्य, डा. हरी लम्साल, चक्तमान वि.क., श्री शिवराज सन्जेल र रुद्रहरी भण्डारी रहेको एक अध्ययन समिति गठन गऱ्यो । उक्त समितिले प्रदेश विश्वविद्यालयको भौतिक पूर्वाधार, विधेयक सङ्गठनात्मक संरचना तथा पाठ्यक्रमको आधारभूत संरचना बारे सिफारिस सहितको प्रतिवेदन पेश गरेको देखिन्छ । मिति २०७८ मा प्रदेश सभाले प्रदेश उच्च शिक्षा ऐन पारित गरी जारी भयो । यस ऐनको कार्यान्वयनका लागि २०७९ मा प्रदेश सरकारवाट उच्चशिक्षा नियमावली जारी भयो । यस्तै २०८० मा प्रदेश सरकारले प्रदेश विश्वविद्यालयको आवश्यकता पहिचान गर्न प्रा. डा. नरविक्रम थापाको संयोजकत्वमा प्रा. डा. भीमराज अधिकारी, डा. भीमबहादुर खत्री, प्रा. हङकङ राना, इ. सन्तोष लामा र खुबीराम अधिकारी रहेको एक समिति गठन गऱ्यो । उक्त समितिले आवश्यक अध्यापन गरी प्रतिवदेन पेश गरेको देखिन्छ । प्रदेश सरकारबाट २०८० मा प्रदेश उच्च शिक्षण संस्थाको अनुगमन सम्बन्धी कार्यविधि जारी गरियो । प्रदेश सरकारवाट प्रदेश उच्च शिक्षा ऐन, २०७८ को दफा ८.१ (क) बमोजिमको सार्वजनिक विश्वविद्यालयको रुपमा वागमती प्रदेश विश्वविद्यालय स्थापना गर्ने गरी विश्वविद्यालयको विधान, २०८० जारी भयो ।

## विश्वविद्यालयको स्थापना :

बागमती प्रदेश सरकारको मिति २०८०/११/०८ को निर्णय बमोजिम बागमती प्रदेश विश्वविद्यालय स्थापना गर्ने गरी स्वीकृतपत्र प्रदान भयो (अनुसूची १) । मिति २०८१ जेष्ठ २५ गते वागमती प्रदेश सरकारबाट वागमती प्रदेश उच्च शिक्षा ऐन को दफा १३ बमोजिम संरक्षक समिति (बोर्ड अफ ट्रष्टी) को गठन भयो । सोही दिन संरक्षक समितिको बैठक बसी प्रा. डा. चन्द्रमणि पौडेललाई सर्वसम्मत रुपमा संरक्षक समितिको अध्यक्षमा चयन गर्ने कार्य भयो ।

बागमती प्रदेश विश्वविद्यालय संरक्षक समितिको सिफारिसमा बागमती प्रदेश सरकारले उच्च शिक्षा नियमावली २०७९, को संसोधन र विधान २०८० खारेज गरी बागमती प्रदेश

विश्वविद्यालयको विधान २०८१ जारी गर्ने निर्णय गरी र मिति २०८१ असार २७ को प्रदेश राजपत्रमा प्रकाशित गऱ्यो । यसरी बागमती प्रदेश विश्वविद्यालयको विधिवत स्थापना हुन पुग्यो ।

मिति २०८१ जेष्ठ २५ मा गठित संरक्षक समिति (वोर्ड अफ ट्रष्टीज)

१. प्रा.डा. चन्द्रमणि पौडेल - अध्यक्ष
२. बच्चुराम अधिकारी - सदस्य
३. किशोरचन्द्र दहाल - सदस्य
४. नुररानी ढुङ्गेल - सदस्य
५. कृष्ण कटुवाल - सदस्य
६. सचिव, सामाजिक विकास मन्त्रालय (राजन पौडेल) - सदस्य



## बोर्ड अफ ट्रष्टी (संरक्षक समिति) का कार्यहरू

बागमती प्रदेश विश्वविद्यालय संरक्षण समितिको प्रथम बैठकबाट अध्यक्षमा प्रा.डा. चन्द्रमणि पौडेलको नियुक्ति गरी संरक्षक समितिले आफ्ना गतिविधिहरूको शुभारम्भ गऱ्यो । आजसम्म आउदा संरक्षक समितिका २५ वटा बैठकहरू भएका छन् । संरक्षक समितिको मुख्य निर्णयहरू निम्नानुसार रहेका छन् ।

(क) संरक्षक समितिको मिति २०८१/०४/०१ गतेको निर्णयबाट विश्वविद्यालयको प्रतिक चिन्ह, छाप र झण्डाको आकार तथा रङ्ग निर्धारण । (अनुसूची २)

(ख) मिति २०८१/०४/०१ मा नुररानी ढुङ्गेलको संयोजकत्वमा गठित विश्वविद्यालयका पदाधिकारीको सेवा सर्त सुविधा सिफारिस गर्ने समितिद्वारा प्रतिवेदन पेश (मिति २०८१/०४/१७) । सोही प्रतिवेदनको आधारमा विश्वविद्यालयका पदाधिकारीहरूको सेवा सर्त सुविधा निर्धारण गरियो ।




**नुररानी ढुङ्गेलको संयोजकत्वमा गठित विश्वविद्यालयका पदाधिकारीको सेवा सर्त सुविधा सिफारिस गर्ने समितिद्वारा प्रतिवेदन पेश ।**

(ग) मिति २०८१/०४/१७ मा उपाध्यक्ष छनोट सिफारिस समिति गठन ।

(घ) मिति २०८१/०४/२६ बागमती प्रदेश विश्वविद्यालयको उपाध्यक्ष सिफारिस सम्बन्धी कार्यविधि २०८१ स्वीकृत ।

(ङ) संरक्षक समितिको मिति २०८१/०६/१० को निर्णयबाट विश्वविद्यालयको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण समिति गठन भयो । उक्त समितिले पेश गरेको प्रतिवेदनको आधारमा संरक्षक समितिले हालका लागि तपशिल बमोजिमको विश्वविद्यालयको सङ्गठनात्मक संरचना र दरवन्दी स्वीकृत गर्ने निर्णय भयो ।

## विश्वविद्यालयको सङ्गठनात्मक संरचना




## संरक्षक समितिबाट स्वीकृत दरबन्दी

| क्र.स. | पद | तह | सङ्ख्या |
|---|---|---|---|
| १. | कार्यालय सचिव, संरक्षक समिति | अधिकृत एघारौं सरह | १ |
| २. | निर्देशक | अधिकृत नवौं/दशौं (प्र.) | १ |
| ३. | अधिकृत | अधिकृतस्तर सातौं/आठौं (प्र./सा.प्र) | १ |
| ४. | अधिकृत | अधिकृतस्तर सातौं/आठौं (प्र./लेखा) | १ |
| ५. | सूचना प्रविधि अधिकृत | अधिकृतस्तर सातौं/आठौं (प्रा.) | १ |
| ६. | सहायक/अधिकृत | सहायकस्तर पाचौं/छैटौं (प्र./सा.प्र) | २ |
| ७. | हलुका सवारी चालक | तहविहीन | २ |
| ८. | कार्यालय सहयोगी/सरसफाइकर्मी | तहविहीन | ३ |
| **जम्मा** | | | १२ |

(च) संरक्षक समितिको मिति २०८१/०६/१० को निर्णयबाट उद्योग तथा वाणिज्य क्षेत्र तथा शैक्षिक संस्थाहरू सँग छलफल तथा अन्तर्क्रिया गर्न जनसम्वाद समितिहरू गठन गर्ने निर्णय भयो ।

१. मकवानपुर र चितवनका सामुदायिक क्याम्पस, शैक्षिक निकायहरू, शिक्षा क्षेत्रमा काम गर्ने गैरसरकारी संघसस्था र नागरिक समाजसँग सम्वाद गर्ने जनसम्वाद समिति

संयोजक : श्री बच्चुराम अधिकारी

सदस्य : डा. कुसुमराज सुवेदी

सदस्य : श्री नुररानी ढुंगेल

यस समितिले २०८१ कार्तिक १३ गते आफ्नो पहिलो जनसम्बाद कार्यक्रम सम्पन्न गऱ्यो । कार्यक्रममा विश्वविद्यालयको स्वरुप, कार्यक्रम र यसको विकासबारे छलफल अन्तर्क्रियात्मक कार्यहरू सम्पन्न गरियो ।

**हेटौंडा तथा चितवनका सामुदायिक क्याम्पस, शैक्षिक निकायहरू, शिक्षा क्षेत्रमा काम गर्ने गैरसरकारी संघसस्थाहरू र नागरिक समाजसँग जनसम्वाद २०८१ कार्तिक १३**



२. हेटौंडाका उद्योग तथा व्यापार क्षेत्रसँग सम्वाद गर्ने जनसम्वाद समिति

संयोजक : श्री कृष्ण कटुवाल

सदस्य : श्री नुररानी ढुंगेल

सदस्य : श्री किरणचन्द्र दहाल

यस समितिले २०८१ कार्तिक ०५ गते मकवानपुरका उद्योग तथा व्यापार क्षेत्रमा क्रियाशिल व्यक्ति, संस्थाहरूसँग मकवानपुर उद्योग बाणिज्य संघको हलमा अन्तर्क्रियात्मक कार्यक्रम सम्पन्न गऱ्यो ।

**हेटौंडाका उद्योग तथा व्यापार क्षेत्रसँगको जनसम्वाद २०८१ कार्तिक ०५**




(छ) सामुदायिक क्याम्पसहरू सँग भेटघाट एवम् अन्तर्क्रिया कार्यक्रमहरू : विभिन्न सामुदायिक क्याम्पसहरू सँग भेटघाट अन्तरक्रिया गर्ने शिलाशिलामा हेटौंडा क्याम्पस, हेटौंडा, कपन बहुमुखी क्याम्पस काठमाडौं, भुवानीशंकर बहुमुखी कलेज, खैरहनी चितवन, माडी क्याम्पस, माडी चितवन, र नुवाकोट आदर्श क्याम्पस विदुर नुवाकोटमा पुगेर भेटघाट अन्तर्क्रियाहरू सम्पन्न गरिए ।

**हेटौंडा क्याम्पसमा अन्तर्क्रिया पश्चात लिइएको तस्विर, मंसिर २०, २०८१**



**कपन आदर्श बहुमुखी क्याम्पसमा अन्तर्क्रिया पश्चात लिइएको तस्विर**



**नुवाकोट आदर्श बहुमुखी क्याम्पसमा अन्तर्क्रिया पश्चात लिइएको तस्विर,** माघ १८, २०८१



**माडी क्याम्पसमा अन्तर्क्रिया गर्दै, फागुन १**, २०८१



**भुवानी शंकर बहुमुखी कलेजमा अन्तर्क्रिया गर्दै, फागुन ७**, २०८१



(ज) अन्य विर्वविद्यालयहरूसँगको अनुभव बुझ्ने र उनीहरूवाट सिक्ने उद्धेश्यले गण्डकी विश्वविद्यालय, पोखरा र पोखरा विश्वविद्यालय पोखराको भ्रमण गरी छलफल, अन्तर्क्रिया अवलोकन गर्ने कार्यहरू गरियो ।

**अन्य विश्वविद्यालयबाट सिकाइ**

**पोखरा विश्वविद्यालय, कार्तिक** २५, २०८१



**गण्डकी विश्वविद्यालय, कार्तिक** २४, २०८१



यस्तै चितवनको माडीस्थित दिवाकर स्मृति बहुप्राविधिक शिक्षलयको अवलोकन भ्रमणसमेत गरियो ।

**दिवाकर स्मृति बहुप्राविधिक शिक्षालय, फागुन १, २०८१**




**(झ) सल्लाहकार समितिको गठन :**

संरक्षक समितिको मिति २०८१/०७/०६ को निर्णयबाट बागमती प्रदेश विश्वविद्यालयको विधान, २०८१ को दफा ३८ बमोजिम सल्लाहकार समिति गठन भएको छ ।

**सल्लाहकार समिति :**

१. मकवानपुर जिल्ला प्रदेश निर्वाचन क्षेत्र नम्बर १ का प्रत्यक्ष निर्वाचित प्रदेश सभा सदस्य : माननीय एकालाल श्रेष्ठ ।

२. हेटौंडा उप महानगरपालिका प्रमुख श्री मिना कुमारी लामा ।

३. जिल्ला उद्योग बाणिज्य सङ्घ, मकवानपुरको अध्यक्ष श्री कृष्णकुमार गुप्ता (हाल प्रमोद सिंह रानाभाट)।

४. प्रदेश नीति तथा योजना आयोगको शिक्षा क्षेत्र हेर्ने सदस्य माननीय गुणराज मुक्तान ।

**(ञ) उच्चस्तरिय छलफल तथा अन्तर्क्रिया :**

विश्वविद्यालयको विकास सम्बन्धमा मुख्यमन्त्री, पूर्वमुख्यमन्त्रीहरू, सामाजिक विकास मन्त्री र अन्य मन्त्रीहरू, प्रमुख सचिव, सामाजिक विकास मन्त्रालयका सचिवलगायतका उच्चस्तरिय व्यक्ति तथा संस्थाहरू सँग बृहत अन्तर्क्रिया कार्यक्रम होटल एभोकाडोको हलमा सम्पन्न गरियो ।

**कार्तिक ११, २०८१**





यस अन्तर्क्रिया कार्यक्रमले बागमती विश्वविद्यालयका लागि आगामी दिशा निर्देश गर्ने विषयमा छलफल र निर्णयहरू भए । यसै अन्तर्क्रियाले सामुदायिक कलेजहरूलाई बागमती विश्वविद्यालयको आंगिक क्याम्पसको रुपमा समेटेर विश्वविद्यालयको विकास गर्ने दिशा निर्देश समेत गऱ्यो ।

**(ट) उच्च शिक्षा व्यवस्थापन विषयमा छलफल कार्यक्रम, ललितपुर २०८१ मंशिर १४**

प्रदेश विश्वविद्यालयको वर्तमान अवस्था, कानुनी संरचना, विश्वविद्यालय अनुदान आयोगसँगको सम्बन्ध र भाबी कार्यदिशाबारे छलफल गर्न माननीय मुख्यमन्त्री, प्रदेश प्रमुख सचिव, विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष र विश्वविद्यालय संरक्षक समितिका सदस्यहरू, र विज्ञ व्यक्तित्व सम्मिलित एक छलफल कार्यक्रम मिति २०८१ मंसिर १४ मा सम्पन्न गरियो ।



**(ठ) संरक्षक समितिको कार्यालय सञ्चालन :**

सामाजिक विकास मन्त्रालयबाट मन्त्रालयकै परिसर भित्र रहेको भवनमा बोर्डअफ ट्रष्टीको कार्यालय सञ्चालन गर्नेगरी स्वीकृतपत्र (अनुसूची ३) प्राप्त भएपछि संरक्षक समितिको कार्यालय सञ्चालन गरियो । त्यसका लागि आबश्यक फर्निचर र उपकरण खरिद गरिएका छन् ।

विश्वविद्यालयका लागि १ वटा हल्का सवारी साधन सामाजिक विकास मन्त्रालयबाट प्राप्त भएको छ ।

**(ड)** मिति २०८१/१०/११ डिन नियुक्तिको कार्यविधि स्वीकृत ।

**(ढ)** मिति २०८१/११/२५ मा अन्य विश्वविद्यालयबाट सम्बन्ध लिई सामुदायिक (गैह्र नाफामूलक) क्षेत्रमा सञ्चालित भैरहेका कलेजहरूले बागमती विश्वविद्यालयको आंगिक क्याम्पस हुन चाहेमा निवेदन दिन सक्ने गरी माननीय सामाजिक विकास मन्त्रीज्यूको स्वीकृतीमा एक महिने सूचना प्रकाशन गर्ने निर्णय ।

**(ण)** मिति २०८१/१०/११ मा विश्वविद्यालय कार्यकारी परिषदबाट निर्णय भइ आएका विश्वविद्यालयका ३ वटा विनियमहरू पारित गरी उच्च शिक्षा परिषदबाट स्वीकृत हुन सामाजिक विकास मन्त्रालय पेश

१. बागमती प्रदेश विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी विनियम, २०८१

२. बागमती प्रदेश विश्वविद्यालय शिक्षक, कर्मचारी सेवासम्बन्धी विनियम, २०८१

३. बागमती प्रदेश विश्वविद्यालय आर्थिक प्रशासनसम्बन्धी विनियम, २०८१

**(त)** मिति २०८१/१२/२५ क्याम्पस समायोजन, अनुगमन तथा मूल्याङ्कन तथा सिफारिस कार्यविधि स्वीकृत ।

**(थ)** मिति २०८२/०१/२३ मा विश्वविद्यालयको आंगिक क्याम्पस हुन निवेदन दिएका क्याम्पसहरूको अनुगमन प्रतिवेदनका आधारमा छनौट गरी प्रदेश सरकारवाट निर्णय हुन सामाजिक विकास मन्त्रालयमा पेश ।

## प्राज्ञिक परिषदका कार्यहरू

बागमती प्रदेश विश्वविद्यालय प्राज्ञिक परिषदले आफ्ना गतिविधिहरू आजसम्म आउदा प्राज्ञिक परिषदका ११ वटा बैठकहरू भएका छन् । प्राज्ञिक परिषद्का मुख्य निर्णयहरू निम्नानुसार रहेका छन् ।

### पाठ्यक्रम निर्माण

पाठ्यक्रम निर्माण विश्वविद्यालयका लागि सबैभन्दा महत्त्वपूर्ण विषय हो । यूग सुहाउदो, विद्यार्थीको रोजाई र बजारको माग बमोजिमका पाठ्यक्रम निर्माण गरी लागू गर्नु वर्तमानको महत्त्वपूर्ण विषय हो । पाठ्यक्रमको निर्माणमा बागमती विश्वविद्यालयले दुई तहको छलफल र अन्तर्क्रिया गर्ने गरेको छ । पहिलो उपभोक्ता (बजार) सँग अन्तर्क्रिया र दोस्रो विषय विज्ञहरुसँग अन्तर्क्रिया ।

बागमती प्रदेश विश्वविद्यालयको प्रज्ञिक परिषदले आफ्ना केन्द्रीय क्याम्पस र आंगिक क्याम्पसहरूमा सञ्चालन गर्ने गरी विभिन्न १३ विषयको पाठ्यक्रम निर्माण प्रक्रिया अगाडी बढाएको छ । पाठ्यक्रम निर्माण प्रक्रिया अगाडी बढाइएका सङ्काय र विषयहरू निम्न छन :

**(क) विज्ञान तथा प्रविधि सङ्काय अन्तर्गत निर्माण भएका पाठ्यक्रमहरू**

1. Bachelor of Civil Engineering (BE Civil)
2. Bachelor of Computer Engineering (BE Computer)
3. Bachelor of Environment Engineering and Waste Management (BE Environment)
4. Bachelor of Pharmaceutics (B. Pharma)

**पाठ्यक्रम निर्माण प्रक्रियाका केही झलकहरू**

**स्नातक तह Computer Engineering विषयको पाठ्यक्रम ढाँचा तयार अन्तर्क्रिया**



**स्नातक तह Civil Engineering विषयको पाठ्यक्रम ढाँचा तयारी अन्तर्क्रिया**




**स्नातक तह वातावरण इन्जिनियरिङ तथा फोहोर मैला व्यबस्थापन (Environment Engineering and Solid Waste Management) पाठ्यक्रम ढाँचा तयारी अन्तर्क्रिया**



**स्नातक तक औषधि विज्ञान पाठ्यक्रम निर्माण तयारी अन्तर्क्रिया**



**स्नातक तह B.Sc. Community Nursing को पाठ्यक्रम तयारी अन्तर्क्रिया २०८१, माघ ०७**



**(ख) व्यबस्थापन तथा कानुन सङ्काय अन्तर्गत निर्माण भएका पाठ्यक्रमहरू**

व्यबस्थापन तथा कानुन सङ्काय अन्तर्गत स्नातक र स्नातकोत्तर तहमा ६ विषयमा पाठ्यक्रम निर्माण गरिएको छ ।

1. Master in Risk and Insurance Management (MRIM)
2. Bachelor of Business Administration(BBA)
3. Bachelor of Public Sector Management (BPM)
4. Bachelor of Hotel Management (BHM)
5. Bachelor of Arts and Bachelor of Legislative Law (BALLB)
6. Bachelor of Legislative Law (LLB)

**स्नातक तह BA LLB & LLB विषयको पाठ्यक्रम ढाँचा अन्तर्क्रिया, २०८१, असोज २०**



**स्नातक तह सार्वजनिक क्षेत्र व्यबस्थापन (Public Sector Management) विषयको पाठ्यक्रमका विषयमा विज्ञहरूसँग अन्तर्क्रिया, अन्तर्क्रिया २०८१, कार्तिक २७**



**स्नातकोत्तर तह जोखिम तथा बिमा व्यबस्थापन (Risk and Insurance Management) विषयको पाठ्यक्रमका विषयमा विज्ञहरूसँग अन्तर्क्रिया, २०८१ माघ ०५**



## स्नातक तह BBA विषयको पाठ्यक्रमका विषयमा विज्ञहरूसँग अन्तर्क्रिया



स्नातक तह होटल व्यवस्थापन पाठ्यक्रम ढाँचा अन्तर्क्रिया



**(ख) शिक्षाशास्त्र तथा सामाजिक विज्ञान सङ्काय अन्तर्गत निर्माण भएका पाठ्यक्रमहरू**

शिक्षाशास्त्र तथा सामाजिक विज्ञान सङ्काय अन्तर्गत हाललाई स्नातक तहमा २ विषयकको पाठ्यक्रम तयारी गरिएको छ ।

1. Bachelor of Education (B.Ed.)
2. Bachelor of Information Technology (BIT)

**स्नातक तह BIT विषयको पाठ्यक्रम निर्माणका क्रममा अन्तर्क्रिया, २०८१ कार्तिक २६**



**शिक्षाशास्त्र सङ्कायका विज्ञहरूसँग अन्तर्क्रिया**



**स्नातक तह वि.एड् पाठ्यक्रमको ढाँचामा अन्तिम छलफल, २०८२ वैशाख १२**



## कार्यकारी परिषदका कार्यहरू

बागमती प्रदेश विश्वविद्यालय कार्यकारी परिषदका १८ वटा बैठकहरू भएका छन् । परिषदका मुख्य निर्णयहरू निम्नानुसार रहेका छन् :

**(क) उपाध्यक्षको नियुक्ति :** मिति २०८१/०६/०१ मा कार्यकारी परिषदले श्री डा. कुसुमराज सुवेदीलाई गते बागमती प्रदेश विश्वविद्यालयको उपाध्यक्ष नियुक्ति गर्‍यो ।

**(ख) जग्गा प्राप्ति प्रयास :**

बागमती प्रदेश विश्वविद्यालयको कार्यकारी परिषदले आफ्नो कार्यकालको शुरू देखि नै विश्वविद्यालयको केन्द्रीय कार्यालय निर्माण र शैक्षिक कार्यक्रमहरू सञ्चालनका लागि आबश्यक संरचना निर्माणका लागि जग्गा खोजी र प्राप्तीको प्रक्रिया अगाडी बढाउदै आएको छ । यस विश्वविद्यालयका विभिन्न प्राविधिक विषयहरू प्रदेशभित्रका अन्य जिल्लाहरूमा समेत पठनपाठन गराउने उद्देश्यका साथ चितवन, काठमाडौं, नुवाकोट जिल्लाहरूमा समेत स्थानीय निकायसँग सम्पर्क छलफल समन्वय गर्ने कार्यहरु गरेको छ । यस प्रक्रियामा विभिन्न स्थानहरूको अवलोकन भ्रमण गरिएको छ । हाल सम्मको प्रयत्नबाट निम्नानुसारको जग्गाहरू प्राप्तहुने गरी सिफारिस भएका छन् ।


**सिफारिस प्राप्त भएका जग्गाहरू :**

- श्री बालबोध मा.वि., हेटौंडा १७ को १ विघा जग्गाप्राप्तीको निर्णय भइ जिल्ला प्रशासन कार्यालयमा पेश ।

- हेटौंडा वडा नं. १७ को डिपोचौर कालिलेक सामुदायिक बनको करिब साढे ७ बिघा जमिन, वडा र सामुदायिक बनबाट निर्णय सिफारिस भइ हेटौंडा उप उपमहानगरपालिकमा पेश भए अनुसार उप महानगर कार्यपालिकाबाट समेत सिफारिस भएको छ ।
- हेटौंडा वडा नं. १७ चुरे कालिलेक सामुदायिक बन क्षेत्र नं. ३ हर्नाहटियाको वडा र सामुदायिक बनबाट निर्णय भइ जग्गा हेटौंडा उप महानगरपालिकमा पेश भए अनुसार नगर कार्यपालिकाबाट समेत सिफारिस भएको छ ।
- श्री त्रिभुवन मा.वि. हेटौंडा वडा नं. १६ को ५ विघा जग्गा, पुरानो भवनको जग्गा र निजानन्द प्रा.वि. रहेको जग्गा निर्णय भइ हेटौंडा उप महानगरपालिकामा पेश भइ नगर कार्यपालिकाबाट समेत सिफारिस भएको छ ।
- बालबोध मा.वि. र त्रिभुवन मा.वि.को जग्गामा डि.पि.आर. गर्न माटो परीक्षण समेत सम्पन्न भएको छ ।

**विश्वविद्यालयका लागि जग्गा खोज्ने प्रयासका केही झलकहरू**

**रत्ननगर न.पा. अनुगमनका क्रममा लिइएको तस्विर**



हेटौंडा उप महानगर वडा नं. २ स्थित बनस्खण्डीको आघारमूत विद्यालयको भवन र जग्गा



विश्वविद्यालयले प्राप्त गर्न लागेको श्री त्रिभुवन मा.वि. हेटौंडा १६ को भवन र परिषर



बागवानी विकास केन्द्र, विदुर, नुवाकोट, फागुन ९, २०८१




भेडा आनुवांशिक स्रोत केन्द्र, किस्पाङ नुवाकोट, माघ १८, २०८१



त्रिशुली नदी किनारको जग्गा, नुवाकोट, फागुन ९, २०८१





## नुवाकोट सेरा दरवारको जग्गा, फागुन ९, २०८१





## भरतपुर ११ को अर्को विद्यालयका मर्ज भएको विद्यालयको जग्गा



### (ग) विश्वविद्यालयलाई आबश्यक पर्ने विनियमहरू निर्माण

विश्वविद्यालयको सञ्चालनका लागि निम्नानुसारका ३ वटा विनियमहरू निर्माण गर्न विज्ञ व्यक्तिहरूलाई जिम्मेवारी दिइ कार्य अगाडी बढाइएकोमा हालसम्म सबै विनियमहरू तयार भइ संरक्षक समितिबाट पारित गरी प्रदेश उच्चशिक्षा परिषद्बाट स्वीकृत हुन सामाजिक मन्त्रालयमा पेश गरिएको छ ।

**विनियमहरू :**

१. विश्वविद्यालय संगठन तथा प्रशासन सम्बन्धी विनियम
२. आर्थिक प्रशासनसम्बन्धी विनियम
३. शिक्षक तथा कर्मचारी सेवासम्बन्धी विनियम

- यी सबै विनियमहरू संरक्षक समितिले निर्णय गरी उच्चशिक्षा परिषदबाट स्वीकृत हुन मिति २०८१/१०/११ सामाजिक विकास मन्त्रालयमा पेश
- आर्थिक मामिला तथा याजना मन्त्रालयबाट मिति २०८१/११/२७ मा सहमती प्राप्त
- आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट मिति २०८२/०१/२२ मा सहमती प्राप्त
- हालसम्म उच्च शिक्षा परिषदमा पेश हुन नसकेको अबस्था

### (घ) विश्वविद्यालयको वेब साइट सञ्चालन

बागमती प्रदेश विश्वविद्यालयको Web Site : www.bagmatiuniversity.edu.np परीक्षण प्रसारण गरी विधिवतरूपमा मिति २०८१/११/२१ मा माननीय मुख्यमन्त्री श्री बहादुर सिंह लामाज्यूको बाहुलीबाट शुभारम्भ भएको छ । विश्वविद्यालयसँग सम्बन्धित सबै सूचना र कागजातहरू यस वेवसाइटमार्फत सम्बन्धित सबैलाई प्राप्त हुने गरी राखिएका छन् ।




(ङ) **डीनको नियुक्ति** : मिति २०८१/१२/०५ मा कार्यकारी परिषदले श्री डा. गंगाराम विश्वकर्मालाई वागमती प्रदेश विश्वविद्यालय व्यबस्थापन तथा कानुन सङ्कायको डीनमा नियुक्ति गर्ने निर्णय गऱ्यो ।

### (च) आङ्गिक क्याम्पस स्थापनाको प्रक्रिया

प्रदेश उच्च शिक्षा ऐन, २०७८, प्रदेश उच्च शिक्षा नियमावली २०७९, विश्वविद्यालयको विधान, २०८१ बमोजिम बागमती प्रदेश विश्वविद्यालयको आङ्गिक क्याम्पस हुन चाहनेहरूको लागि माननीय मन्त्रिज्यूको पूर्व स्वीकृतीबमोजिम मिति २०८१/११/२५ मा सूचना प्रकाशन गरियो । सूचना बमोजिम विभिन्न २५ वटा क्याम्पसबाट आवेदन प्राप्त भइ, माननीय मन्त्रिज्यूको पूर्व स्वीकृतीमा अनुगमन तथा मूल्याङ्कन समिति गठन (अर्थ, कानुन, सामाजिक विकास मन्त्रालयको अधिकृत र विश्वविद्यालयका पदाधिकारीहरूसमेत समावेश) गरी सबै क्याम्पसहरूको अनुगमन अध्ययन गरी प्रतिवेदनहरू प्राप्त भएका छन् । साथै निम्न क्याम्पसहरूको Due Diligence Audit (DDA) गरी प्रतिवेदनसमेत प्राप्त भएको छ ।

१. हेटौंडा क्याम्पस, हेटौंडा

२. कपन बहुमुखी क्याम्पस, कपन, काठमाडौं

३. भुवानी शंकर बहुमुखी कलेज, खैरहनी चितवन

४. जनमैत्री बहुमुखी क्याम्पस, कुलेश्वर, काठमाडौं ।

५. माडी क्याम्पस, माडी, चितवन ।

**क्याम्पस अनुगमनका केही झलकहरू**

**हेटौंडा क्याम्पस, हेटौंडा ।**



**कपन बहुमुखी क्याम्पस, कपन, काठमाडौं ।**



**भुवानी शंकर बहुमुखी कलेज, खैरहनी चितवन ।**



**जनमैत्री बहुमुखी क्याम्पस, कुलेश्वर, काठमाडौं ।**






जन भावना क्याम्पस, चापागाँउ, ललितपुर ।



नीलकण्ठ बहुमुखी क्याम्पस, धादिङबेशी, धादिङ ।




गौरीशंकर बहुमुखी क्याम्पस, दोलखा ।





नुवाकोट आदर्श बहुमुखी क्याम्पस, विदुर, नुवाकोट ।



**माडी क्याम्पस, माडी, चितवन ।**




**सिद्धज्योति शिक्षा क्याम्पस, सिन्धुली ।**



**प्राप्त प्रतिवेदनहरूलाई निश्चित मापदण्डको आधारमा छनोट गरियो ।**

**आंगिक क्याम्पस छनोटका मापदण्डहरू**

- गुणस्तर QAA प्राप्त क्याम्पस
- दायित्व (शुन्य वा न्यून दायित्व रहेको)
- उपयुक्त भौतिक संरचना
- विद्यार्थी संख्या
- भैगोलिक वितरण (जिल्लागत)
- उपयुक्तता (कार्यक्रम अनुसार)

- **यी मापदण्डको आधारमा निम्नानुसार १० वटा क्याम्पसहरू छनोट गरिएको छ ।**
    - हेटौंडा क्याम्पस, मकवानपुर ।
    - कपन बहुमुखी क्याम्पस, कपन, काठमाडौं ।
    - भुवानी शङ्कर बहुमुखी क्याम्पस, खैरहनी, चितवन ।
    - जनमैत्री बहुमुखी क्याम्पस, कुलेश्वर, काठमाडौं ।
    - माडी क्याम्पस, चितवन ।
    - जनभावना बहुमुखी क्याम्पस, चापागाँउ, ललितपुर ।
    - नीलकण्ठ बहुमुखी क्याम्पस, धादिङबेशी, धादिङ ।
    - गौरीशङ्कर बहुमुखी क्याम्पस, दोलखा ।
    - नुवाकोट आदर्श बहुमुखी क्याम्पस, नुवाकोट ।
    - सिद्धज्योती शिक्षा क्याम्पस, सिन्धुली ।
- **छनोट भएका क्याम्पसहरूको स्वीकृतका लागि प्रतिवेदनसहित बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालयमा निम्न विवरण अनुसार पेश गरिएको छ ।**

| क्याम्पसको नाम | हाल सञ्चालित शैक्षिक कार्यक्रमहरू | माग गरेका कार्यक्रमहरू | विद्यार्थी सङ्ख्या | क्याम्पसको स्तर QAA | दायित्व (२०८१ चैत्र मसान्त) | बैक मौजातको विवरण | दायित्व बेहोर्ने स्रोत |
|---|---|---|---|---|---|---|---|
| हेटौंडा क्याम्पस, मकवानपुर । | BED, BA, BBS, Med | BBA, BIT, BALLB, BHM, BED | ९२२ | QAA | ३८८०७८४४ | ५९८४१११.०० | - |
| कपन बहुमुखी क्याम्पस, कपन, काठमाडौं । | BEd, BBS | BBA, BIT, BALLB, BED, LLB | ४१८ | - | ०० | ६६७५७००.०० | आन्तरिक |
| भुवानीशङ्कर बहुमुखी कलेज, खैरहनी चितवन । | B.Ed., BBS, MBS, M.Ed. | BBA, BIT, BALLB, BHM, BED | ४३१ | QAA | १९५७७५२५ | १२२५२४८.३० | आन्तरिक |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| जनमैत्री बहुमुखी क्याम्पस, कुलेश्वर, काठमाडौं । | BBS, BA, BEd, MBS, MEd, BBM, BCA, BICTE | BBA, BIT, BALLB, LLB, BED, BPM, MRIM | १०८६ | QAA | २७०८७५२६ | ७७३००३०.७८ | आन्तरिक |
| जनभावना बहुमुखी क्याम्पस, चापागाँउ, ललितपुर । | Bed, BICTE, BBS, BA, BCA, MBS | BBA, BIT, BALLB, One Master Course | ९८१ | QAA | १९५१०५८२ | ५१५९१६१.२७ | आन्तरिक |
| नीलकण्ठ बहुमुखी क्याम्पस, धादिङबेशी, धादिङ । | BED, BBS, BA, MED, MBS, BICTE | BBA, BIT, BED, BHM, BALLB | ९१० | QAA | ४८२१५८१ | ८३४११८९.०० | आन्तरिक |
| गौरीशङ्कर बहुमुखी क्याम्पस, दोलखा । | BED, BBS, BA, MBS, MEd | BBA, BED, BHM, BIT, B. Pharma, and Engineering | ८५८ | - | ४०९१३८५ | ६५९५५५०.०० | आन्तरिक |
| नुवाकोट आदर्श बहुमुखी क्याम्पस, नुवाकोट । | BEd, BBS, BA, MBS, Med | BBA, BIT, BALLB, BPM, BED | ११४१ | - | १५००००० | ४११२०१२.६३ | आन्तरिक |
| माडी क्याम्पस, चितवन | B.Ed., BBS, M.Ed. | BBA, BIT, BED | २५५ | - | २०८९३३२ | ९७३९१८.०० | आन्तरिक |
| सिद्धज्योती शिक्षा क्याम्पस, सिन्धुली | BED, Med | BBA, BIT, BED | ३०२ | QAA | १४५४६५८७ | ५४४२८१७.०४ | आन्तरिक |
| | | | | | १३२०३२३६२ | ५२२३९९३८ | |

**दृष्टव्य :** हेटौंडा क्याम्पस, हेटौंडा, कपन बहुमुखी क्याम्पस, कपन, काठमाडौं, भुवानी शंकर बहुमुखी कलेज, खैरहनी चितवन , जनमैत्री बहुमुखी क्याम्पस, कुलेश्वर, काठमाडौं, माडी क्याम्पस, माडी, चितवनको DDA समेत सम्पन्न भइ प्रतिवेदन सङ्लग्न गरिएको छ ।

**(छ) विश्वविद्यालयको केन्द्रिय कार्यालयको डि.पि.आर. निर्माण**

**विश्वविद्यालयको केन्द्रिय कार्यालयका लागि डि.पि.आर. बनाउने प्रयास गरिएको छ ।**

**प्रस्तावित केन्द्रीय कार्यालयको भवनको नक्सा**



**(च) प्रयोगशाला अवलोकन**

- **प्रयोगशाला अवलोकन (पुलचोक इन्जिनियरिङ क्याम्पस, पुलचोक, ललितपुर) ।**



**(ज) प्रथम वार्षिक दिवस सम्पन्न**

मिति २०८२ जेठ २५ का दिन बागमती प्रदेश विश्वविद्यालयको प्रथम वार्षिक दिवस बागमती प्रदेश सरकारका माननीय मुख्यमन्त्री बहादुर सिंह लामाको प्रमुख आतिथ्यमा माननीय सामाजिक विकास मन्त्री हरिप्रभा खड्गी श्रेष्ठको विशेष अतिथ्यमा सामाजिक विकास मन्त्रालयको हलमा सम्पन्न भयो । कार्यक्रममा बागमती प्रदेश विश्वविद्यालयका डिन डा. गंगाराम विश्वकर्माले सबै अतिथिहरुलाई स्वागत गर्दै मन्तव्य राख्नु भएको थियो भने विश्वविद्यालयको वार्षिक कार्य प्रगति विश्वविद्यालयका उपाध्यक्ष डा. कुसुमराज सुवेदीले प्रस्तुत गर्नुभएको थियो ।

माननीय सामाजिक विकास मन्त्री हरिप्रभा खड्गीश्रेष्ठले प्रदेश विश्वविद्यालयको आवश्यकता औचित्यका बारेमा मन्तव्य राख्दै उच्च शिक्षा प्रदेश सरकारको एकल अधिकारको क्षेत्र हो भन्नुभयो । प्रमुख अतिथि माननीय मुख्यमन्त्री बहादुर सिंह लामाले विश्वविद्यालयले व्यावसायिक र प्राविधिक शिक्षामा जोड दिदै अगाडि बढ्ने छ भन्दै प्रदेश गौरवको आयोजनाको रुपमा रहेको विश्वविद्यालयलाई आबश्यक बजेट व्यबस्था गर्ने र विश्वविद्यालयले अगाडी सारेका कार्यक्रमहरुमा सहयोग गर्ने एवम् आंगिक क्याम्पस बनाउने वारे छिटै निर्णय लिइने भनि आस्वस्त पार्नुभयो । उक्त कार्यक्रममा हेटौंडा उप महानगर प्रमुख एवम् विश्वविद्यालय संरक्षक समितिका सल्लाहकार सदस्य मिना कुमारी लामाले विश्वविद्यालयलाई आबश्यक सहयोग गर्न र जग्गा उपलव्ध गर्न नगरपालिका प्रतिबद्ध रहेको छ भन्नुभयो । प्रमुख सचिव भुपाल बरालले विश्वविद्यालयले अनुसन्धानमा जोड दिने छ र विद्याथी बाहिर जानुपर्ने अबस्थामा कमी ल्याउने गरी कार्य गर्ने छ भन्नु भयो । प्रदेश नीति तथा योजना आयोगका माननीय सदस्य गुणराज मुक्तान, माननीय एकलाल श्रेष्ठले विश्वविद्यालय र उच्च शिक्षाका विविध पक्षमा विचार राख्दै बागमती विश्वविद्यालयसँग

सहकार्य र सहयोग गर्दै अगाडी बढ्ने विचार व्यक्त गर्नु भयो । कार्यक्रमको अन्त्यमा संरक्षण समितिका अध्यक्ष प्रा.डा.चन्द्रमणि पौडेलले विश्वविद्यालयका भए गरेका कार्य र यसका अप्ठ्यारा र चुनौती बारे प्रस्ट पार्दै प्रदेश सरकारले बेलैमा निर्णय लिने आशा राख्दै कार्यक्रममा उपस्थित महानुभावहरुलाई धन्यबाद प्रकटगरी समापन गर्नुभयो ।






(झ) पाँचवटा सामुदायिक क्याम्पसहरूको Due Diligence Audit सम्पन्न भइ प्रतिवेदन पेश ।

(ञ) विश्वविद्यालय सञ्चालनको Software निर्माण गर्नको लागि RFP Document तयार गरिएको छ ।

# बागमती प्रदेश विश्वविद्यालय

## आ.ब. २०८१/०८२

## आर्थिक प्रगती विवरण

| क्र.सं. | वित्तिय संकेत नं. र नाम | विनियोजित बजेट रकम रु. | असार महिनासम्मको खर्च | वित्तिय प्रगति | कैफियत |
|---|---|---|---|---|---|
| १. | २११११ पारिश्रमिक कर्मचारी | 10000000.00 | 411084.20 | 4.11 | |
| २. | २१११२ पारिश्रमिक पदाधिकारी | 4001000.00 | 3985694.50 | 99.62 | |
| ३. | २११३४ कर्मचारीको बैठक भत्ता | 240000.00 | 00.00 | 0.00 | |
| ४. | २११३९ अन्य भत्ता | 20000.00 | 00.00 | 0.00 | |
| ५. | २११४१ पदाधिकारी बैठक भत्ता | 300000.00 | 153600.00 | 51.20 | |
| ६. | २२१११ पानी तथा विजुली | 520000.00 | 191175.00 | 36.76 | |
| ७. | २२११२ सञ्चार मशसुल | 398000.00 | 29094.00 | 7.31 | |
| ८. | २२२११ इन्धन (पदाधिकारी) | 228000.00 | 227867.00 | 99.94 | |
| ९. | २२२१२ इन्धन (कार्यालय) | 327000.00 | 196645.00 | 60.14 | |
| १०. | २२२१३ सवारी साधन मर्मत खर्च | 300000.00 | 116661.00 | 38.89 | |
| ११. | २२२१४ विमा तथा नवीकरण खर्च | 180000.00 | 64369.80 | 35.76 | |
| १२. | २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | 400000.00 | 26775.00 | 6.69 | |
| १३. | २२३११ मसलन्द तथा कार्यालय सामाग्री | 650000.00 | 602356.00 | 92.67 | |
| १४. | २२३१५ पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशन | 320000.00 | 200000.00 | 62.50 | |
| १५. | २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च | 300000.00 | 150000.00 | 50.00 | |
| १६. | २२४१३ करार सेवा खर्च | 144000.00 | 00.00 | 0.00 | |
| १७. | २२५२२ कार्यक्रम खर्च | 57302000.00 | 10032788.25 | 17.51 | |
| १८. | २२६११ अनुगमन, मूल्याङ्कन खर्च | 500000.00 | 312922.00 | 62.58 | |
| १९. | २२७११ विविध खर्च | 270000.00 | 219048.00 | 81.13 | |
| २०. | २८१४२ घर भाडा | 1200000.00 | 00.00 | 0.00 | |
| **जम्मा** | | 77600000.00 | 16920079.75 | 21.80 | |
| **पुँजिगत खर्च** | | | | | |
| २१. | ३११२१ सवारी साधन | 700000.00 | 700000.00 | 100.00 | |
| २२. | ३११२२ मेशिनरी तथा औजार | 1200000.00 | 1197481.00 | 99.79 | |
| २३. | ३११२३ फर्निचर तथा फिक्चर्स | 1500000.00 | 1329840.00 | 88.66 | |
| २४. | ३११५९ अन्य सार्वजनिक निर्माण | 7000000.00 | 00.00 | 0.00 | |
| **जम्मा** | | 10400000.00 | 3227321.00 | 31.03 | |

आ.व. २०८१/०८२ मा विश्वविद्यालयको लागि भनि सामाजिक विकास मन्त्रालय अन्तर्गत विभिन्न शीर्षकमा चालु तर्फ रु. ७७६००००.०० र पुँजिगत तर्फ रु. १०४०००००.०० रकम विनियोजन भएकामा चालु तर्फ रु. १६९२००७९.७५ (२१.८०%) र पुँजिगत तर्फ रु. ३२२७३२१.०० (३१.०३%) खर्च भएको छ। यसरी हेर्दा विश्वविद्यालयको आ.व. २०८१/०८२ को वित्तिय प्रगती न्यून हुन गएको देखिन्छ। विश्वविद्यालय स्थापनाको प्रथम वर्ष भएका कारण शैक्षिक कार्यक्रहरुको सञ्चालन तयारी गर्दा सबै शीर्षकहरूका रकमहरू खर्च हुन सकेनन भने समयमा मन्त्रालय, उच्चशिक्षा परिषद र प्रदेश मन्त्रिपरिषदबाट निर्णयहरू हुन नसक्दा विनियोजित रकमहरू खर्च हुन नसकेको अबस्था रह्यो। यस्तै विश्वविद्यालयको लागि अनुदानको रुपमा रकम विनियोजन हुन नसक्दा अन्य आवश्यक कार्यहरूमा रकम अभाव हुनाले त्यस्ता कार्यहरु गर्न संभव भएन। कतिपय विनियोजीत रकम शीर्षक र विश्वविद्यालयको आवश्यकतामा समेत मेलखान नसक्दा पनि न्यून वित्तिय प्रगती हुने अवस्था देखियो। विश्वविद्यालयका लागि विनियोजित रकम र खर्च विवरण अनुसूची २ मा राखिएको छ।

**विश्वविद्यालयका तत्कालका समस्याहरू**

१. जग्गा प्राप्ती र भवन निर्माण।

२. आंगिक क्याम्पसको स्वीकृति हुन बाँकी।

३. विश्वविद्यालय सञ्चालन सम्बन्धी विनियमहरू स्वीकृत हुन बाँकी।

**आगामी कार्यदिशा**

**प्रदेश सरकारबाट आंगिक क्याम्पसको स्वीकृति प्राप्त हुनासाथ**

- विश्वविद्यालयको शैक्षिक पात्रो (Academic Calendar) निर्माण गरी अगाडी बढ्ने।
- २०८२ भाद्र महिना देखि पठनपाठन शुरु गरिने।
- विश्वविद्यालयको दीर्घकालिन रणनैतिक योजना निर्माण र  कार्यान्वयन गर्ने।
- स्वदेशी तथा विदेशी विश्वविद्यालयसँग सम्बन्ध विस्तार गर्ने।

# अनुसूची १

## स्वीकृति पत्र

अनुसूची –४

(नियम १५ को उपनियम (२) सँग सम्बन्धित)

बागमती प्रदेश सरकार

**सामाजिक विकास मन्त्रालय**

हेटौंडा, नेपाल

**स्वीकृति पत्र**

स्वीकृति नं :- ०१

प्रदेश उच्च शिक्षा परिषद्को मिति २०८०।०९।०२ को सिफारिस अनुसार बागमती प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८०।११।०८ को निर्णय बमोजिम उच्च शिक्षा ऐन, २०७८ र प्रदेश उच्च शिक्षा नियमावली, २०७९ ले दिएको अधिकार प्रयोग गरी श्री बागमती विश्वविद्यालय हेटौंडा, मकवानपुरलाई सार्वजनिक विश्वविद्यालयको रूपमा स्थापना र सञ्चालन गर्नको लागि यो स्वीकृति पत्र प्रदान गरिएको छ।

यस विश्वविद्यालयको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

मितिः-२०८१।०१।१२

२०८१।०१।१२

.................

डा. भीष्मकुमार भूसाल

प्रदेश सचिव


# अनुसूची २

विश्वविद्यालयको प्रतिक चिन्ह, छाप र झण्डा

झण्डाको रङ पहेलो हुने छ ।

# अनुसूची ३

## सचिवालय एवम् केन्द्रीय कार्यालय सञ्चालनका लागि भवन अनुमती पत्र



बागमती प्रदेश सरकार

**सामाजिक विकास मन्त्रालय**

हेटौंडा, नेपाल

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

प.सं. २०८१/०८२
च.नं. : ५४०

मिति: २०८१/०८/२०

विषयः जानकारी सम्बन्धमा ।

बागमती प्रदेश विश्वविद्यालय,
हेटौंडा ।

प्रस्तुत विषयमा त्यस विश्वविद्यालयको संरक्षक समिति सचिवालय एवम् केन्द्रिय कार्यालय संचालन गर्न यस मन्त्रालय परिशरको पश्चिमतर्फ अवस्थित रहेको दुई तले भवन अर्को व्यवस्था नभए सम्मका लागि प्रयोग गर्न अनुमती दिइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

दिपकराज त्रिपाठी
अधिकृत सातौं